निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: २०७९।०५।११

निर्वाचन आयोग नेपाल २०२३

## मतदाता नामावली अद्यावधिक सम्बन्धी निर्वाचन आयोगको सूचना !

आगामी मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को तयारीको लागि यही भदौ १२ गतेदेखि मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुँदैछ । यस अन्तर्गत भदौ १२ गते सम्बन्धित वडा कार्यालय र निर्वाचन कार्यालयमा मतदाता नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ । नामावलीमा रहेको त्रुटि सच्याउन, नामावलीमा प्रकाशित कुनै व्यक्तिको विवरणको विरोधमा उजुरी दिन एवम् कुनै मतदाताको एकभन्दा बढी स्थानमा नाम समावेश भएमा एक स्थानमा मात्र नाम कायम राख्न भदौ १३ देखि १५ सम्म सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ । यसैगरी मृत्यु भएका एवम् नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि भदौ १३ देखि १६ सम्म सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ । कार्यक्रम सम्बन्धी अन्य विस्तृत जानकारीको लागि आयोगको वेवसाइटमा हेर्नु हुन वा सम्बन्धित निर्वाचन कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ । उपरोक्त अनुसारको कार्यक्रममा भाग लिई मतदाता नामावली अद्यावधिक कार्यक्रममा सहयोग गरिदिनु हुन निर्वाचन आयोग सम्पूर्ण सरोकारवाला एवं मतदातालाई हार्दिक अनुरोध गर्दछ ।

निर्वाचन आयोग, नेपाल